# रिब्दीकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

9760870079
info@ribdikotmun.gov.np
www.ribdikotmun.gov.np


प.सं. २०८०/०८१
च.नं.

मिति : २०८०।०८।०७

### उत्पादनमा आधारित अनुदानको लागि प्रस्ताव आव्हान सम्वन्धी सूचना ।

यस गाउँपालिकाको आ.व.२०८०।८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत उत्पादनमा आधारित अनुदान कार्यक्रम कार्यविधि '२०७५' अनुसार (सुन्तला, टमाटर, दुध) तथा सोही कार्यक्रम कार्यविधिको संसोधन '२०८०' वमोजिम थप (काक्रो, खुर्सानी, वेसार, अदुवा) मा उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रममा सहभागी हुन इच्छुक सहकारी संस्था/संकलन केन्द्रहरुले संस्था मार्फत सुन्तला, टमाटर, दुध, काक्रो, खुर्सानी, बेसार र अदुवा उत्पादन गरि विक्रि वितरण गरेका कृषकहरुलाई संलग्न गराउनका लागि तपशिल वमोजिमको कागजात सहित यस कार्यालयमा प्रस्ताव पेश गर्नुहुन सम्वन्धित सवैमा जानकारीको लागि अनुरोध छ ।

तपशिल :

१ अनुसुची २ अनुसारको ढाँचामा निवेदन ।
२. सम्वन्धित वडा कार्यालयको सिफारिस ।
३.सहकारी संकलन केन्द्र दर्ता प्रमाण पत्र,कर चुक्ता र गत वर्षको लेखापरिक्षण प्रतिवेदन प्रतिलीपी ।
४.गत वर्षको वार्षिक साधारण सभा भएको प्रमाणीत हुने कागजातको प्रतिलीपी ।
५.कृषकहरुको विवरण साथै अनुमानित उत्पादन विवरण ।
६.कार्यक्रम माग सम्वन्धि निर्णयको प्रतिलीपी ।

२०८०।८।८
मदन अर्याल
प्रमख प्रशासकीय अधिकत
**प्रमुख प्रशासकीय अधिकृत**

अनुसुची २

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
रिव्दीकोट गाउँपाकि
खस्योली, पाल्पा

विषय : उत्पादनको आधारमा अनुदान सहयोग कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय,

प्रस्तुत विषयमा त्यहाँ कार्यालयको मिति २०८०।.....।......गते प्रकाशन गरिएको सूचना अनुसार रिव्दीकोट गाउँपालिका वडा नं.............मा अवस्थित श्री ........................................... सहकारी संस्था /संकलन केन्द्र अन्तर्गतका कृषकहरुले उत्पादन गरेका सुन्तला, टमाटर, खुर्सानी, दुध, काक्रो, वेसार, अदुवा आदि यस सहकारी संस्था/संकलन केन्द्र मार्फत संकलन गरि खरिद तथा विक्रि कार्यमा संलग्न भएकोले यस सहकारी संस्था मातहतका कृषकहरु **उत्पादनको आधारमा अनुदान** सहयोग कार्यक्रमको लागि समावेश हुन इच्छुक भएकोले तपशिल बमोजिमको कागजात सहित आवेदन पेश गर्दछौ ।

तपशिल :
१.अनुसुची २ अनुसारको ढाँचामा निवेदन ।
२.कुल सदस्य संख्या ।
३.संस्थावाट संकलित दुध, टमाटर, सुन्तला, खुर्सानी, वेसार, अदुवा, काक्रो विक्रि गरिने संस्थाको नाम र ठेगाना
क .............................................................................।
ख . ........................................................................।
ग. ........................................................................।
४. मिल्क एनालाइजर प्रयोग भए नभएको ।
५. दुधको चिलिङ्ग सेन्टर भएको वा नभएको ।
६. दुध विविधिकरण गरि विक्रि वितरण गरे वा नगरेको ।
७. सम्वन्धित वडा कार्यालयको सिफारिस ।
८.सहकारी संकलन केन्द्र दर्ता प्रमाण पत्र,कर चुक्ता र गत वर्षको लेखापरिक्षण प्रतिवेदन प्रतिलीपी ।
९.गत वर्षको वार्षिक साधारण सभा भएको प्रमाणीत हुने कागजातको प्रतिलीपी ।
१०.कृषकहरुको विवरण साथै अनुमानित उत्पादन विवरण ।
११.कार्यक्रम माग सम्वन्धि निर्णयको प्रतिलीपी ।